केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२२/०६७/६८ मितिः २०६७/१२/०९

**सम्पूर्ण इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरु,**

महाशय,

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (१) को खण्ड (स) को प्रयोजनका लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका शर्तहरुको अधिनमा रही यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंकका लागि सामूहिक लगानी कोष संचालन गर्न सक्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन यो निर्देशन जारी गरिएको छ ।

शर्तहरुः

(१) योजना व्यवस्थापनसँग सम्बन्धित कार्यका लागि सहायक कम्पनी खडा गर्नुपर्ने र त्यस्तो कम्पनी खडा गर्दा हुन गएको लगानीलाई यस बैंकले तोके अनुसारको जोखिम भार प्रदान गर्ने ।

(२) वित्तीय कारोबार सञ्चालन भएको पाँच वर्ष पूरा भएको हुनु पर्ने ।

(३) पछिल्लो तीन वर्षदेखि लगातार मुनाफा गरेको हुनु पर्ने ।

(४) नेटवर्थ धनात्मक हुनु पर्ने ।

(५) सञ्चालक वा कार्यकारी प्रमुख यस बैंकको कारबाहीमा नपरेको र त्यस्तो कारवाहीमा परेको भए सो फुकुवा भएको ३ वर्ष पुगेको हुनु पर्ने ।

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।
१२. श्री नेपाल धितोपत्र बोर्ड, गौशाला, काठमाडौं ।